१२९६१-८६५

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३०१/२०७२/०७३

निर्णय नं. ८७९

बारा जिल्ला, कलैया नगरपालिका वडा नं. १० बस्ने निवेश कुमार तिमिल्सिना ..................२ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, श्री जिल्ला जनस्वास्थ्य कार्यालय, बारा ..................................................१ विपक्षी
सूचना अधिकारी, श्री जिल्ला जनस्वास्थ्य कार्यालय, बारा

विषय :– माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

बारा जिल्ला, कलैया नगरपालिका वडा नं. १० बस्ने निवेश कुमार तिमिल्सिनाले श्री जिल्ला जनस्वास्थ्य कार्यालय, बारा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।२४ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०४।२९ को आदेश बमोजिम श्री जिल्ला जनस्वास्थ्य कार्यालय, बारालाई मिति २०७२।०४।२९, च.नं. २३ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी गएको । प्रस्तुत सन्दर्भमा उक्त श्री जिल्ला जनस्वास्थ्य कार्यालय, बाराको मिति २०७२।०६।२७ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना यस आयोगमा प्रेषित गरी निवेदकलाई पनि बोधार्थ मार्फत जानकारी दिएको देखिदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल जेठ २३ गते रोज १ शुभम् ।